नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
# शिक्षा विभाग
# शिक्षा विकास तथा समन्वय एकाइ
बाजुरा

फोन नं. ०९७ ५४१०३५,
९८५८४२०५०२
इमेलः edcubajura@gmail.com
वेवसाईटः bajura.edcu.gov.np

प.सं. : २०८३।०८४ (वि.प्र.)
च.नं. : ९९६

मितिः २०८३।०६।१४
ने.सं. ११४६ ञँलागा ४ बुधवार

**विषयः विवरण उपलब्ध गराईदिने सम्बन्धमा।**

**श्री स्थानीय तह (शिक्षा युवा तथा खेलकुद शाखा),**
**९ वटै, बाजुरा।**

प्रस्तुत विषयमा शिक्षा विभाग (शासकीय सुधार अनुगमन तथा अनुसन्धान शाखा), सानोठिमी, भक्तपुरको च.नं. २४२ मिति २०८३।०६।१३ गतेको पत्र र सो सँग सम्बन्धित कागजातहरु यसै पत्रसाथ संलग्न छन्। विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई तहाँ गाउँपालिका/नगरपालिका अन्तर्गतका प्राथमिक तह, निम्नमाध्यमिक तह र माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को परिच्छेद -१७, नियम ९३ मा भएको प्रधानाध्यापक सम्बन्धी व्यवस्था बमोजिम प्रधानाध्यापक नियुक्ति भए/नभएको व्यहोरा खुल्ने गरी संलग्न ढाँचा बमोजिमको विवरणको प्रमाणित Hard Copy र Soft Copy दुवै **५ (पाँच) दिनभित्र** यस एकाइको इमेल ठेगाना edcubajura@gmail.com मा पठाई दिनहुन अनुरोध छ। साथै विभागले तोकेको पत्रसाथ संलग्न क्यूआर कोड मार्फत तहाँ पालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई **मिति २०८३।०६।१९** गते भित्र अनिवार्य रुपमा Online Form भरी विवरण उपलब्ध गराउने व्यवस्थाका लागि आवश्यक सहजीकरण गरि दिनुहुन समेत अनुरोध छ।

२०८३।०६।१४
चक्र बहादुर कुँजेडा
एकाइ प्रमुख

**बोधार्थः**

श्री शिक्षा विभाग (शासकीय सुधार, अनुगमन तथा अनुसन्धान शाखा) सानोठिमी, भक्तपुर।

श्री सामुदायिक विद्यालयहरु सबै, बाजुराः संलग्न क्यूआर कोड मार्फत **मिति २०८३।०६।१९** गते भित्र अनिवार्य रुपमा Online Form भरी विवरण उपलब्ध गराउनुहुन।

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

# शिक्षा विभाग

सानोठिमी, भक्तपुर

(शासकीय सुधार, अनुगमन तथा अनुसन्धान शाखा)

पत्र सङ्ख्याः २०८३/८४ (शा.अ.अ.)

च.न.: २४२

मितिः २०८३।०६।१३

विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा।

श्री शिक्षा विकास तथा समन्वय एकाइ,
सबै।

प्रस्तुत विषयमा शिक्षा नियमावली,२०५९(संशोधनसहित) को परिच्छेद-१७,नियम ९३ को प्रधानाध्यापक सम्बन्धी व्यवस्था भए बमोजिम कार्यान्वयन गर्न/गराउन यस विभाग (साविक शिक्षा तथा मानव स्रोत विकास केन्द्र) को प.स.०८२/८३,शा.सु., च.न.२, मिति २०८२।०४।०७ को पत्रबाट शिक्षा विकास तथा समन्वय एकाइ, सबैमा परिपत्र गरिएको बेहोरा अवगत नै होला।

उक्त विषयमा हाल राष्ट्रिय सतर्कता केन्द्र, सूचना सङ्कलन तथा अन्वेषण शाखा, सिंहदरबार, काठमाडौंको प.स.०८३/८४, च.न.सूच.१५/५९६, मिति २०८३।०५।२९ को यसैसाथ संलग्न पत्रमार्फत देशभर प्रायः स्थानीय तह अन्तर्गतका सामुदायिक विद्यालयहरुमा प्रचलित कानुन बमोजिम प्रधानाध्यापक नियुक्तिको व्यवस्था कार्यान्वयन नगरेको/ परिपत्र कार्यान्वयन नभएको भनी लेखी आएकाले यसमा के-कसो भएको छ? सो सम्बन्धमा त्यस जिल्ला अन्तर्गतका प्राथमिक तह, निम्न माध्यमिक तह रं माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा प्रचलित कानुन बमोजिम प्रधानाध्यापक नियुक्ति भए नभएको बेहोरा खुल्ने गरी संलग्न ढाँचाको फाराम र Online Form भर्नका लागि क्यूआर कोडमार्फत सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको विवरण ७(सात) दिनभित्र यस विभागमा उपलब्ध गराइदिनु हुन निर्णयानुसार अनुरोध छ।

२०८३।०६।१३

(डा. श्याम प्रसाद आचार्य)
निर्देशक

बोधार्थः-

श्री राष्ट्रिय सतर्कता केन्द्र,
सूचना सङ्कलन तथा अन्वेषण शाखा, सिंहदरबार, काठमाडौं।

श्री स्थानीय तह, सबै।

विवरणको लागि तपसिल बमोजिमको ढाँचा:-

| सि.न. | जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | EMIS नम्बर | विद्यालय सञ्चालन भएको उच्चतम तह | प्रधानाध्यापकको नाम | प्र.अ.को नियुक्ति भएको उच्चतम तह/स्तर(मा.वि/आधारभूत) | प्र.अ.नियुक्तिको प्रकार | विद्यालयको उच्चतम स्तरमा नियुक्त भएका शिक्षकको सङ्ख्या (स्थायी,अस्थायी/करार सबै) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |

Online Form भर्नाको लागि QR Code (क्युआर कोड) :-